# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

गभर्नर डा. युवराज खतिवडा दक्षिण कोरियामा फागुन १-२ गते सम्पन्न दक्षिण पूर्वी एसियाली केन्द्रीय बैंक (SEACEN) को सतचालीसौं सम्मेलन तथा एकतीसौं गभर्नर बैठकमा भाग लिई आज स्वदेश फर्कनु भयो । बैंक अफ कोरियाद्वारा आयोजित सो सम्मेलनमा सिसन अन्तर्गत १७ सदस्य राष्ट्रका गभर्नर तथा प्रतिनिधिका साथै पर्यवेक्षकका रूपमा अन्तराष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैंक, आर्थिक सहयोग तथा विकास सङ्गठन (OECD), बैंक अफ इन्टरनेसनल सेटलमेन्ट (BIS), बैंक अफ जापान लगायतका संस्थाका प्रतिनिधि तथा पर्यवेक्षकहरूको सहभागिता रहेको थियो ।

सम्मेलनको पहिलो दिनको उद्घाटन सत्रमा आयोजक Bank of Korea का गभर्नर Dr. Choongsoo Kim उद्घाटन मन्तव्य व्यक्त व्यक्त गर्ने क्रममा केही समय पहिलेको विश्व वित्तीय सङ्कट र वर्तमान युरोपीय राष्ट्र ऋण सङ्कटले नयाँ अन्तराष्ट्रिय वित्तीय परिदृश्य एवम् नयाँ मौद्रिक नीतिको संरचनाको आवश्यकतामा जोड दिनुभएको थियो भने कार्यक्रममा सेन्ट्रल बैंक अफ श्रीलङ्काका गभर्नर Ajith Nivard Cabraal ले पनि मन्तव्य व्यक्त गर्नुभएको थियो । सम्मेलनमा विभिन्न समसामयिक अन्तर्राष्ट्रिय मौद्रिक तथा वित्तीय क्षेत्रका विषयमा छुट्टाछुट्टै सेमिनारहरू सम्पन्न भएका थिए ।

सम्मेलनमा Monetary policy, sovereign debt and financial stability विषयमा OECD का उप महासचिव तथा अर्थशास्त्री Pier Carlo Padoan र एसियाली विकास बैंकका उपाध्यक्ष Stephen P. Groff ले Keynote Speaker का रूपमा वार्ता प्रस्तुत गर्नुभएको थियो भने सो वार्तामाथि बैंक अफ कोरियाका मुख्य अर्थशास्त्री Dr. Jun Il Kim टिप्पणी गर्नुभएको थियो । यसै गरी क्षेत्रीय तथा अन्तराष्ट्रिय वित्तीय मुद्दाका सन्दर्भमा अन्तराष्ट्रिय मुद्रा कोषका कार्यकारी निर्देशक Der Jiun Chia ले Update on IMF Surveillance and Policies विषयमा वार्ता प्रस्तुत गर्नुभएको थियो । यसै गरी एसियाली मुलुकहरूको बाह्य जोखिमलाई समन गर्ने सन्दर्भमा University of Wisconsin का प्राध्यापक Dr. Charles M. Engel ले Macroprudential policy under high capital mobility विषयमा वार्ता प्रस्तुत गर्नुभएको थियो । सो वार्तामा गभर्नर डा. युवराज खतिवडा र फिलिपिन्सको केन्द्रीय बैंकका गभर्नर Amando M. Tetangco ले Discussant का रूपमा आआफ्नो देशको सन्दर्भ सहित टिप्पणी गर्नुभएको थियो । सम्मेलनमा 'उच्च बाह्य जोखिमका सन्दर्भमा मौद्रिक नीति' विषयमा Bank for International Settlements का उप महाप्रबन्धक Herve Hannoun ले वार्ता प्रस्तुत गर्नुभएको र सो वार्तामाथि Bank of Papua New Guinea का गभर्नर Loe Martin Bakani र Bank Negara Malaysia का गभर्नर Zeti Akhtar Aziz ले Discussant का रूपमा टिप्पणी गर्नुभएको थियो ।

यी सबै विषयका सेमिनारहरूमा सहभागी गभर्नरबीच खुला छलफल भएको थियो । छलफलमा मुख्य गरी सन् २००७-८ को विश्वव्यापी आर्थिक संकट, युरोपको वर्तमान Sovereign Debt सङ्कट, बढ्दो अन्तर्राष्ट्रिय पुँजी आप्रवाहका सन्दर्भमा सिक्नु पर्ने पाठका साथै सोबाट आउन सक्ने जोखिम न्यूनीकरणका लागि गर्नुपर्ने आवश्यक तयारीका विषयमा विश्लेषण

भएको थियो । सम्मेलनमा मौद्रिक नीति र वित्तीय क्षेत्र स्थायित्व सम्बन्धी नीतिलाई समन्वयात्मक रूपमा लागु गरिनु पर्ने, सफल मौद्रिक नीति र वित्तीय क्षेत्र स्थायित्वका लागि वित्त (Fiscal) सँग सम्बन्धित संरचनात्मक नीतिमा सुधार गरिनुपर्ने, वित्तीय स्थायित्वका लागि क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय समन्वय र सहयोग अभिवृद्धि गरिनुका साथै Macroprudential Policy को अवलम्बन तथा प्रभावकारी कार्यान्वयन गरिनुपर्ने विषयमा गभर्नरहरूद्वारा सहमति जनाइएको थियो ।

यसै गरी फागुन २ गते सम्पन्न सिसनको ३१ औं गभर्नर्स बैठकले Bank of Lao PDR लाई सिसनको अठारौँ सदस्यका रूपमा स्वीकृति प्रदान गरेको थियो । बैठकले सिसनको आगामी कार्यकारी निर्देशकको नियुक्ति गर्नुका साथै अर्को वर्ष हुने सिसनको ४८ औं गभर्नर्स सम्मेलन तथा ३२ औं गभर्नर्स मिटिङको आयोजना The Bank of Mangolia ले उलनबटोरमा गर्न गरेको प्रस्तावलाई सर्वसम्मत स्वीकृति प्रदान गरेको थियो ।

सम्मेलनका क्रममा गभर्नर डा. खतिवडा र Bank of Korea का गभर्नर Dr. Choongsoo Kim बीच छुट्टै द्विपक्षीय भेटघाट सम्पन्न भएको थियो । सो भेटमा उहाँहरूबीच नेपाल राष्ट्र बैंक र बैंक अफ कोरियाबीच सहयोगात्मक सम्बन्ध विस्तार गर्ने, कोरियामा कार्यरत नेपालीहरूले विप्रेषण औपचारिक माध्यमबाट पठाउन आवश्यक कार्य गर्ने तथा केन्द्रीय बैंकको जनशक्ति विकासका लागि सहयोग अभिवृद्धि गर्ने लगायतका विषयमा छलफल भएको थियो । साथै, गभर्नर डा. खतिवडासँग दक्षिण कोरियाको सरकारी प्रिन्टिङ प्रेसका प्रमुखले नेपाली नोट लगायतका आवश्यक अन्य सामग्री प्रिन्ट गर्ने सम्बन्धमा भेट गर्नुभएको थियो ।

सो सम्मेलन तथा बैठकमा भाग लिन उहाँ माघ २८ गते त्यसतर्फ प्रस्थान गर्नुभएको थियो ।

२०६८ फागुन ४ गते विहीबार

गभर्नरको कार्यालय